**निर्णय नं. १**

कटारी न.पा. भित्र रहेको सडकहरू लगत कट्टा गर्नका लागि अभियानको रूपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

कटारी न.पा. को जग्गामा वनेको पक्की घरलाई न.पा. को स्वामित्वमा रहेको हुँदा सो घरलाई २०७३ श्रावण देखि नै भाडा असुल तहसिल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

न.पा. मा कार्यरत कर्मचारीहरू अतिरिक्त कार्य गरे वापतको स्थानीय भत्ता २०% उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

साविक कटारी न.पा. बाट तयार गरिएको MTMPको तपशिलको सडकहरूमा घना बस्ती भएको कारण मिति २०७३/०४/२७ मा भएको निर्णय अनुसार MTMPसंशोधन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- पिपल चोक तेश्रो लाईन देखि उ.मा.वि. सम्म ।
- गोलपार्क देखि उ.मा.वि सम्म ।
- कान्छी वजार देखि जहडि कल्भर्ड पिपल चौरी वाईपास सडक सम्म ।
- शिव मन्दिर देखि गोईया भन्ज्याङ्ग सम्म न्यूनतम ६ मि. हुनु पर्ने ।

**निर्णय नं. ५**

कटारी न.पा. को वजार क्षेत्र भित्रमा पुरानो घना वस्ती रहेको हुँदा सो लाई मध्य नजर राखी निर्माणाधिन कटारी बाईपास सडकमा सिद्धिचरण मार्ग अनुसारको मापदण्ड अनुसार हुने गरी सडक सिमा Right of way र सेट व्याक कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बस्ती स्तर हुँदै विभिन्न वडाबाट आएका सवै योजनाहरूलाई योजनाको संग्रहको रूपमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

ल्याण्ड फिल्ड साइडलाई व्यवस्थित गर्दै लागिने नीति अवलम्बन गर्ने ।

**निर्णय नं. ८**

नगर क्षेत्रमा पूर्ण सरसफाईका लागि टोल विकास संस्था र गै.स. संस्थालाई परिचालन गरिने नीति कायमै राखिने छ ।

**निर्णय नं. ९**

फोहर मैला व्यवास्थापन ऐनलाई कडाईका साथ लागु गरिने छ ।

**निर्णय नं. १०**

फोहर उत्पादनबाट सफाई शुल्क लिई फोहर मैला व्यवस्थापन गर्नु निजी क्षेत्रलाई परिचालन गरिने छ । उक्त क्रममा श्रोतमै फोहर छुट्याई कम्पोस्टिङ गर्न प्रोत्साहन गरिने छ ।

**निर्णय नं. ११**

नगर क्षेत्र भित्रका गल्ली, गोरेटो तथा सडकको सरसफाई तथा मर्मत सुधारमा टोल विकास संस्था सँग सहकार्य गरिने छ ।

**निर्णय नं. १२**

नगर क्षेत्रमा मासु पसल दर्ता गरि न्यूनतम मापदण्ड पुगेका पसललाई मात्र ईजाजत दिईने छ ।

**निर्णय नं. १३**

ईन्धनको चाप वन क्षेत्रमा कम गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।

**निर्णय नं. १४**

सार्वजनिक जग्गा मिचेर वनेका संरचनाहरू हटाउने कार्यलाई कडाईका साथ लागु गरिने छ । साथै सार्वजनिक जग्गाको लगत संकलन गरि व्यवस्थित गरिने छ ।

**निर्णय नं. १५**

न.पा. लाई आवश्यक पर्ने आधुनिक सवपार्कका लागि नगर विकास कोष तथा सम्वृद्ध निकाय सँग सहकार्य गरिने छ ।

**निर्णय नं. १६**

विस्तृत भू-उपयोग योजना तथा सहरी विकास योजनालाई कार्यान्वयन गरिने नीति लिईने छ ।

**निर्णय नं. १७**

नगर क्षेत्रमा ढल निकास गुरू योजना तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

**निर्णय नं. १८**

विपत व्यवस्थापन तथा वातावरण संरक्षण कोषको व्यवस्था मिलाईने छ ।

**निर्णय नं. १९**

**निम्न कार्यक्रमका लागि निम्न रकम विनियोजन गर्ने निर्णय गरियो ।**

- नगर क्षेत्र यातायात गुरूयोजना रू. १००००००।-
- आवधि नगर विकास योजना (City development Plan) रू. १००००००।-
- भू-उपयोग नक्सा (कटारी, घुर्मी, बेलसोत, रिस्कु, गहुँवारी) रू. २०००००।-
- विपत व्यवस्थापन कोष रू. ५०००००।-
- मर्मत संभार कोष रू. २०००००।-
- योजना बाट १% रकम मर्मत सम्भारको लागि कट्टा गर्ने र कन्टेन्जेन्सी ४% कट्टा गर्ने ।
- तेश्रो लाईन सडक पिच क्रमागत रू. ७८०००००।-

**निर्णय नं. २०**

नगर क्षेत्रका चोक तथा सडकहरूमा सडक सौर्य वत्ती जडान गर्नका लागि उपभोक्ता, संघ संस्थाको संलग्नामा नगर कार्यपालिकाले जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ । जसका लागि रू. ५०००००।- विनियोजन गरिने छ ।

**निर्णय नं. २१**

कटारी क्षेत्र पर्यटकिय क्षेत्र भएकोले हलेसी महादेवको तिर्थ यात्रीहरूको सुविधालाई ध्यानमा राखि हवाई यातायात तथा केवुलकारको अपरिहार्यलाई विचार गरि निजी क्षैत्र समेतको सहयोगमा सम्भाव्यता अध्ययन कार्यलाई अघि बढाईने छ ।

**निर्णय नं. २२**

भवन निर्माण मापदण्ड अनुसारका डकर्मी तालिमका लागि रू. २०००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

भूकम्प दिवश तथा सुरक्षित भवन निर्माण सचेतना कार्यक्रमका लागि रू. ५००००।- विानियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

बसपार्कको पानी र वत्तीको लागि रू. १०००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगर कार्यपालिकाले निर्माण गरेको बसपार्कलाई यथाशिघ्र सञ्चालनमा ल्याउने निर्णयन गरियो ।

**निर्णय नं. २६**

वसपार्कको परिसर भित्रमा गाडीलाई सरसफाई तथा मर्मत गर्ने व्यवस्था मिलाई श्रोतको अभिवृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

नगरपालिकाको भवन निर्माण क्रमागत रू. १५००००००।- विानियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

सामुदायिक भवनको तल्ला थपका लागि रू. १००००००।- विानियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

न.पा. र वडा कार्यालयमा ईन्भटर, सोलार, फोटोकपी मेसिन, कम्प्युटर, फर्निचर, टेलिफोन जडान गर्ने,कार्यालय रंगरोगन र मसलन्द खर्चको व्यवस्था गर्ने निर्णय गरियो । यसका लागि रू. ४८०००००।-

**निर्णय नं. ३०**

**सडक बोर्ड तर्फ**

| | |
|---|---|
| ➢ बेलासेत-तिम्नाही सडक सुधार रू. | १३,००,०००।- |
| ➢ वन कार्यालय-लालपुर-दशविघे-भोर्ले सडक रू. | २२,००,०००।- |
| ➢ गहुँवारी-मयंखु-चित्रे मा.वि. सडक रू. | १२,००,०००।- |
| ➢ सोमवारे-मिलान चोक-आँपटार सडक रू. | १०,००,०००।- |
| ➢ हर्देनी-सोरूङ छविसे-लेखानी जोर्ती घाट सडक रू. | १०,००,०००।- |
| ➢ गराँस-खसिवार सडक रू. | २३,००,०००।- |
| जम्मा | ९०,००,०००।- |

**सडक बोर्ड तर्फको अनुदान रकम उपरोक्त बमोजिमको विनियोजन गर्ने निर्णय गरियो ।**

**निर्णय नं. ३१**

जेष्ठ नागरिकको लागि क्लव निर्माणको लागि रू. १५००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

साविक देखि स्थानीय तहमा काम गरि आएका कर्मचारीलाई तह मिलान गरिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

तालिमुन कुरा प्र.वि. कटारीलाई फर्निचर निर्माणका लागि रू. ७५०००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

न.पा. भवन देखि तेश्रो लाईन सडक जोड्ने सडक कालोपत्रे गर्ने कार्यका लागि रू. १४०००००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

नगर कार्यपालिकालाई आवश्यक पर्ने भु-उपयोग नीति नगर विकास गुरू योजना भूकम्प प्रतिरोधात्मक हुने हिसावले समय सापेक्ष रूपमा भवन निर्माण मापदण्ड तथा आचार संहिता संशोधन र परिमार्जन गरि लगिनेछ ।

**निर्णय नं. ३६**

कटारी नगर कार्यपालिका अन्तर्गत वडा नं. ११ साविक गा.वि.स. हर्देनी, लेखानी, सोरूङ छविसेको केही वडाहरू मिलेर बनेको सन्दर्भमा उक्त स्थानमा स्वास्थ्यको सेवाको लागि स्वास्थ्य चौकीको अभाव भएको र जनतालाई स्वास्थ्य सेवा पुऱ्याउन कठिनाई भएको, दुर्गम स्थान भएको हुँदा एउटा स्वास्थ्य चौकी स्थापना गर्न र वडा नं. १ बेलसोतको दुर्गम स्थान १० कि.मि. टाढा रहेको खसिवास एरियामा एउटा स्वास्थ्य चौकी स्थापनाका लागि स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

कार्यपालिकाको बैठकबाट नगर कार्यपालिका कार्य सम्पादन नियमावली २०७४, नगर कार्यपालिका कार्य विभाजन निमायवली २०७४, बैठक सञ्चालन कार्यविधि २०७४ समेत स्वीकृत गरि कार्य सम्पादन भईरहेको कुरा नगर सभा समक्ष प्रस्तुत भई अनुमोदन गरियो ।

**निर्णय नं. ३८**

राजश्व परामर्स समितिको बैठकबाट राजश्वको दररेट कायम गरी पेश गरिए बमोजिम स्वीकृत गरियो ।

**निर्णय नं. ३९**

चुन ढुंगा ढुवानी गर्दा वातावरणमा हुने असर वापतको वातावरण प्रदुषण शुल्कको आ.व. २०७३/०७४ को रकम चलानबाट के कति संकलन भएको छ, सो सम्वन्धमा मारूती सिमेन्ट र कसमस सिमेन्टमा बुझि उक्त रकम न.पा. को वातावरण कोषमा जम्मा गर्ने र अवका दिनमा उक्त रकम सोझै न.पा. मा जम्मा हुने कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४०**

आ.व. २०७४/०७५ मा संकलन हुने वातावरण प्रदुषण कोष तथा चुन ढुंगा उत्खनन मध्ये वापत उदय श्री बहुमुखी क्याम्पसलाई १०% उपलब्ध गराई क्याम्पस व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने व्यवस्थाको लागि निर्णय गरियो ।

**निर्णय नं. ४१**

कटारी नगरपालिकाको आन्तरिक आम्दानीको १०% रकम उदय श्री बहुमुखी क्याम्पस सञ्चालन व्यवस्थापन गर्न अर्को व्यवस्था नहुन्जेल अनुदान दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४२**

चुन ढुंगा उत्खनन गरे वापत स्थानीय सेवा शुल्क बापत निम्न ढुवानी वाहनको निम्न दर उद्योग सँग लिई नगरको स्थानीको कोष वृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

न.पा. मा दर्ता हुन आएका व्यवसायीहरूले चालु आर्थिक वर्षको असार मसान्त सम्म तिर्दै आएको व्यवसाय कर असोज मसान्त सम्मा तिर्न आएमा जरिवाना लाग्ने छैन । अन्यथा प्रति महिना अतिरिक्त १०% का दरले जरिवाना लाग्ने छ ।

**निर्णय नं. ४४**

कटारी न.पा. भित्र व्यवसायी गर्दे आएका व्यवसायहरूलाई अनिवार्य रूपमा व्यवसाय दर्ता गराउने अभियान अन्तर्गत पुराना व्यवसायीहरूलाई पनि असोज मसान्त सम्म दर्ता गरेमा नयाँ दर्ता सरह नै शुल्क लाग्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

गत वर्ष निकासा भई तत्कालिन सिरिसे गा.वि.स. हाल कटारी न.पा. वडा नं. ८ को कार्यक्रमको रकम निकासा गरिदिने निर्णय गरियो ।